नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**शहरी विकास तथा भवन निर्माण विभाग**
(खरिद, अनुगमन, मूल्यांकन तथा अभिलेख शाखा)
बबरमहल, काठमाडौं ।

फोनः ५३६२९२७, ५३६२३६७, ५३५७९१२, ५३६२५९४, ५३६३४०६, ५३५६९९८
ईमेलः procurementsection@dudbc.gov.np
नेपाल संवत्-११४६

पत्र संख्याः २०८३/८४
प्राप्त पत्र संख्याः
चलानी नं : ९६

मितिः २०८३/०४/२०

श्री PACE-EVERSAFE JV,
श्री SITARA- ECOCODE-BUD JV,
श्री MULTI- HARMONIC-RETRO JV,
श्री CAGE Consult Private Limited,
श्री GRID-NEST-ECN JV,
श्री A. NOT Architecture N. Architects,
श्री E२Services- DIKSHA-RIPPLE JV.

विषयः- **Prebid Queries** को सम्बन्धमा ।

यस विभाग अन्तर्गत सञ्चालित DUDBC/CS/QCBS/04/082/83 परामर्श कार्यको सम्बन्धमा मिति २०८३/०४/१३ गते Pre- Proposal meeting मा परामर्शदाताहरुबाट उठान भएका विभिन्न विषय वस्तुहरुको सम्बन्धमा यसै पत्रसाथ संलग्न स्पष्टिकरण पठाइएको व्यहोरा अनुरोध छ।

2083/04/20

(विश्वराम प्रजापति)
शाखा प्रमुख/सि.डि.ई.

**बोधार्थः**
श्रीमान् उप-महानिर्देशकज्यू, आवास महाशाखा,
शहरी विकास तथा भवन निर्माण विभाग,
बबरमहल, काठमाडौं ।

मिति २०८३/०४/१३ गते बुधबार दिनको १:०० बजे यस विभाग अन्तरगत कारागारको DPR तयार गर्ने (दार्चुला, बैतडी, कालिकोट, खोटाङ, पर्वत) कार्यको Pre-Bid Meeting मा निम्न अनुसारको उपस्थितिमा उठेका जिज्ञासाहरुको सम्बन्धमा छलफल गरी निम्न अनुसारको Clarification गरियो।

| सि.नं. | जिज्ञासाहरु | बोलपत्रमा राखिएका प्रावधान | Clarification गरिएको विवरण |
|---|---|---|---|
| १. | ToR को **Clause 3(B)(f)** मा उल्लेख गरिएको **"repair"** भन्ने शब्दले विद्यमान भवनको structural integrity परीक्षण गर्न विभिन्न विस्तृत संरचनात्मक परीक्षणहरू सञ्चालन गरी आवश्यक परेको खण्डमा **retrofitting** सम्बन्धी सिफारिस गर्नुपर्ने दायित्वलाई संकेत गर्दछ जसका लागि यस कार्यक्षेत्र (scope of work) भन्दा बाहिर पर्ने विशिष्टीकृत प्राविधिक विशेषज्ञता आवश्यक पर्दछ। तसर्थ, **"repair"** भन्ने शब्दको प्रयोग वर्तमान कार्यक्षेत्रसँग असंगत देखिएको छ। | **Clause 3(B)(f) in ToR:** In case of existing infrastructure, the decision of whether to repair or reconstruct the **infrastructure must be made in** close consultation with the Prison Office and PUDBC/FUDBC. | ToR को **Clause 3B(f)** मा प्रयोग गरिएको **"repair"** भन्ने शब्दले आयोजना स्थलका संरचनात्मक रूपमा सुरक्षित (Structurally sound) रहेका तथा सामान्य **repair** र मर्मतसम्भार (maintenance) बाट उपयोगमा ल्याउन सकिने विद्यमान भवनहरूलाई सम्भव भएसम्म प्रस्तावित डिजाइनमा समावेश गर्नुपर्ने आशय जनाउँछ। तदनुसार, परामर्शदाताले त्यस्ता भवनहरूको ToR मा उल्लेखित जनशक्तीबाट नै अवस्था मूल्याङ्कन गरी आवश्यक **repair** तथा मर्मतसम्भारसम्बन्धी उपयुक्त सिफारिस गर्नुपर्नेछ। |
| २. | ToR को **Clause 5(B)** मा उल्लेख गरिएको *"If any changes in the design are required, the consultant shall furnish them free of cost"* भन्ने व्यवस्थाले परामर्शदातामाथि थप दायित्व सिर्जना गर्दछ। निर्माणको क्रममा परामर्शदाताको नियन्त्रणबाहिरका कारणहरूले पनि डिजाइनमा परिवर्तन आवश्यक पर्न सक्ने हुन्छ। त्यसैले, यस्ता सबै संशोधनहरू निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने व्यवस्था परामर्शदातामाथि अव्यावहारिक करारगत दायित्व (contractual obligation) सिर्जना गर्ने देखिन्छ। | **Clause 5(B) in ToR:** During construction, the consultants should visit the buildings (if required) and provide necessary technical assistance. If any changes in the design are required, the consultants should furnish it free-of-cost as per the Condition of Contract. | ToR को **Clause 5(B)** मा उल्लेख गरिएको *"If any changes in the design are required, the consultants should furnish* it free of cost" भन्ने व्यवस्थाले डिजाइन चरणमा परामर्शदाताबाट गरिएका अध्ययन तथा अनुसन्धानहरू अपर्याप्त भएका कारण निर्माणको क्रममा डिजाइन संशोधनहरू आवश्यक पर्ने देखिएमा वास्तविक साइट अवस्थाको मूल्याङ्कन तथा उपयुक्त प्राविधिक अध्ययनको आधारमा परामर्शदाताले त्यस्ता डिजाइन संशोधनहरू तयार गरी **Client** लाई कुनै अतिरिक्त लागत नपर्ने गरी उपलब्ध गराउनुपर्ने व्यवस्था जनाउँछ। |
| ३. | परामर्शदाताबाट गर्नुपर्ने प्रस्तुतीकरणहरु सम्बन्धमा। | **Form FIN-4 Breakdown of other expenses, provisional sums and contingency:**<br>*Types of expense:*<br>Presentation and meeting cost<br>*Quantity:* 1<br>*Unit:* Lump Sum | परामर्शदाताले सम्बन्धित तीनवटै जिल्ला स्थित कारागार कार्यालय/FUDBC मा हरेक चरणमा कम्तीमा एक-एक वटा प्रस्तुतीकरण गर्नुका साथै DUDBC मा आयोजनाका विभिन्न चरणमा तयार गरिएका प्रतिवेदनहरू पेश गरे पश्चात् कारागार व्यवस्थापन विभागसँगको समन्वयमा जम्मा चार वटा प्रस्तुतीकरण गर्नुपर्नेछ। |

ई. [illegible] खतिवडा
उप-महानिर्देशक
आवास महाशाखा